स्थानीय सरकार

# आमाछोदिङमो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, रसुवा

बागमती प्रदेश, गोल्जुङबेशी, रसुवा

## आन्तरिक आय संकलन सम्वन्धि बोलपत्र आव्हानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०७/१४ गते

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २ (घ) ६, दफा ६२ क, आमाछोदिङमो गाउँपालिकाको आर्थिक ऐन २०८१ मा तोकिएको दररेट बमोजिम यस गाउँ कार्यपालिका बाट आ.व. २०८२/०८३ (२०८२ पुष ०१ गते देखि २०८३ जेष्ठ मसान्त सम्मको) लागि देहाय बमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का E-Bidding मार्फत बन्दोवस्त गर्नु पर्ने भएकाले गाउँपालिकाले तोकिएको दर रेटमा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) बमोजिम अनुमती स्वीकृती प्राप्त खानी क्षेत्रहरुबाट रोडा, ढुंगा, ग्रावेल र माटो विक्रि एवं श्रोत उपयोग कर संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति / फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र Elcctronic Bid Submission मार्फत बोलपत्र आह्वानको लागि सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | तोकिएको अवधिको लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी जमानत रकम | स्वीकृत दर रेट | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | माल बस्तुको नाम | इकाई | करको दर रु (मू.अ.कर बाहेक) |
| १ | AAMA/ IR/01/082/83 | आमाछोदिङमो गाउँपालिका भएर बग्ने ग्रे गाँउ मुनिको खोला, दलाङ खोला र चिलिमे खोलामा रहेको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी र बालुवाको दिगो संकलन/उत्खनन् | ८०,५८,८०६.९१ (असि लाख अन्ठाउन्न हजार आठ सय छ रुपैया एकानब्बे पैसा मात्र) | ३००० | मू.क.अ. सहित कबोल अंकको ५ प्रतिशत | ढुङ्गा, ग्राभेल | प्रति घन फिट | रु ७.०० |
| | | | | | | बालुवा | प्रति घन फिट | रु ७.०० |

### ठेक्का सम्वन्धि शर्तहरु :

१. माथि उल्लेखित विषयको लागि बोलपत्र फाराम भरि Elcctronic Bid Submission मार्फत बुझाउनु पर्नेछ ।

२. बोलपत्र फाराम खरिदको लागि अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८० / ०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, आमाछोदिङमो गाउँपालिकाको नाममा कुमारी बैंक लिमिटेड आमाछोदिङमो शाखाको आन्तरिक राजश्व खाता नं. ०८०००३९७२८१००००७, राजश्व शिर्षक नं. १४२४९ मा रकम जम्मा गरेको भौचर संलग्न गरि PPMO को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८२।०७।२८ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत पेश गर्न सकिनेछ ।

३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी मिति : २०८२।०७।२८ को १२:०० बजे भित्र PPMO को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि E-bidding मार्फत दर्ता गर्नु पर्नेछ । दर्ता हुन आएका बोलपत्रहरु मिति २०८२।०७।२८ गते दिनको २:०० बजे पछि यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बेलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

४. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको मु.अ. कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको कुमारी बैंक लिमिटेड, आमाछोदिङमो शाखा, रसुवामा रहेको धरौटी खाता नं. ०८०००३९७२८१००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १८० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै बैंक जमानी पत्र ( Bank Bid Bond) अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ।

५. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत सम्वन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको ३३.३३ प्रतिशत रकम (मु.अ. कर समेत ) रकम बैक दाखिला गरि तथा बाँकी रकमको कार्य सम्पादन जमानतपत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।

७. ठेकेदारले सम्झौतामा तोकिएको विषय क्षेत्रमा बोलपत्र फाराम साथ संलग्न दर रेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ । कर तथा सेवा शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ । साथै रकम संकलन केन्द्रमा शुल्क तथा दस्तुरको दर रेट सहितको सूचनाको साईनबोर्ड राख्नु पर्नेछ ।

८. यस सूचनामा उल्लेख भए बमोजिम नेपाल सरकार / दातृ निकायद्वारा सञ्चालन हुने विकास आयोजनाहरुको लागी प्रयोग हुने निर्माणजन्य सामाग्रीको विक्रीको हकमा सम्बन्धित आयोजना ( स्वीकृत IEE को परिधि भित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा आमाछोदिङमो गाउँपालिकाले सम्वन्धित आयोजनाबाट विक्रि मूल्य असुल गर्नेछ ।

९. स्वीकृत ठेक्काको ठेक्का किस्ता मु.अ. कर सहित देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ ।

| क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | किस्ता बापतको रकम |
|---|---|---|---|
| १ | प्रथम | सम्झौताका वखत | सम्पूर्ण किस्ताको भार समान कवोल रकमको ३३.३३ प्रतिशत |
| २ | दोस्रो | फागुन मसान्त सम्ममा | |
| ३ | अन्तिम | जेष्ठ मसान्त सम्ममा | |

१०. तोकिएको अवधि भित्र किस्ता रकम प्राप्त हुन नआएमा सम्झौता गर्दा कार्यालयको नाममा जारी भएको बैंक कार्यसम्पादन जमानतबाट सम्झौता बमोजिमको रकम असुल उपर गरिनेछ । सो सम्बन्धमा ठेक्का लिने पक्षको कुनै उजुर बाजुर लाग्ने छैन ।

११. ठेकेदार र कार्यालय बीचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै - झमेला पर्न आएमा सो को समाधान गर्न आमाछोदिङमो गाउँपालिकाले निर्णय गर्नेछ ।

१२. सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन । साथै, प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ। मुल्य अभिबृद्धि कर बापतको रकम किस्ता रकम संगै यस कार्यालयमा बुझाउनु पर्नेछ ।

१३. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।

१४. जुन आर्थिक वर्षको लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ ।

१५. ढुंगा, गिट्टी, बालुवा ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ ।

१६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१७. नेपाल सरकारबाट जारी ढुंगा गिट्टी तथा बालुवा उत्खनन तथा विक्री व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ र ढुङ्गा गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

१८. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner